हेटौंडामा बन्ने भो घण्टाघर । पृष्ठ ६ मा


प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com




● मकवानपुर, वर्ष-१६, अंक-११ ● २०८० असोज ०८ गते सोमबार, ● 25 Sep., 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## कोदो खेती गर्ने

# किसानलाई अनुदान



विकास संवाददाता
थाहानगर

मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिका रैथाने बाली प्रवर्द्धनमा अग्रणी स्थानमा रहेको छ । मकवानपुरगढीका पाँच वटा वडाको अधिकांश क्षेत्रमा कोदो खेती हुने गरेको छ । पालिकाको १, २, ४, ७ र ८ नम्बर वडाका अधिकांशले बासिन्दाले कोदो खेती गर्दै आएका छन् । 'बेच्न र उचित मूल्य पाउन समस्या नभएकाले कोदो रोप्न थालेका हौं'' कुसुमबहादुर घलानले मख्ख पर्दै भने,'पहिला त गाईगोरूलाई नल खुवाउन घाँसको रूपमा कोदो खेती गरिन्थ्यो, अहिले कमाइका लागि गरिन्छ ।' कोदो खेती हुने मकवानपुरगढी गाउँपालिका हेटौंडासँगै जोडिएको छ । मकवानपुर गढी वडा नम्बर ४ कालीखोलाका सुकुमबहादुर घलानले २ वर्षअघिसम्म आफ्नो जग्गामध्ये ७ रोपनीमा मात्र कोदो रोप्थे । फलेको बेच्नै गाह्रो थियो । अब भने उनी ढुक्क छन् । मकवानपुरगढीको 'कालीखोला ब्राण्ड' देशमै प्रशिद्ध छ ।

बजारीकरणमा स्थानीय तहले सघाउन सुरू गरेपछि उनले यसपटक २० रोपनीमा कोदो रोपेका छन् । मकवानपुरका दुई स्थानीय तहले रैथाने बालीका विशेषगरी कोदो खेतीलाई अनुदान दिएर प्रोत्साहन दिँदै आएका छन् । धान र गहुँ जसरी सिँचाइ नचाहिने यो बाली किसानले निर्वाहमुखी तवरले परम्परादेखि लगाउँदै आएका थिए । अब भने व्यवसायिक खेती अघि बढेको छ ।

> कोदो र फापरको समर्थन मूल्य तोक्नका लागि प्रक्रिया अगाडि बढाइएको छ ।

एउटा गाउँपालिकाले कोदोको ब्रान्डिङसँगै बजारीकरण पनि थालेको छ । मकवानपुरगढी र सँगैको भीमफेदी गाउँपालिकाले चालु वर्षदेखि कोदो खेतीलाई प्रोत्साहन थालेका हुन्। गाउँपालिकाले बजारको व्यवस्थासँगै समर्थन मूल्य पनि तोकेकाले बिक्री हुनेमा ढुक्क घलानले यो वर्ष २० रोपनी जग्गामा कोदो रोपेका छन् । खेती विस्तार गर्ने घलान एक्ला होइनन् । २ रोपनीमा लगाउँदै आएकी अम्बिका चौलागाईले यसपटक १० रोपनी जग्गामा कोदो रोपेकी छन् ।

मकवानपुरगढी गाउँपालिकाले कोदोको समर्थन मूल्य प्रतिकेजी ४५ रूपैयाँ तोकेको छ । कोदो स्थानीय सहकारीमा बेच्ने किसानलाई प्रतिकेजी थप २ रूपैयाँ र सहकारीलाई बजारको व्यवस्थापन गर्न प्रतिकेजी २ रूपैयाँ अनुदान दिने व्यवस्था गरिएको गाउँपालिका अध्यक्ष दोर्जे लामाले बताए । उनले भने 'मकवानपुरगढीका कृषकहरू अहिले कोदो खेतीतर्फ आकर्षित भएका छन् ।' संघीय सरकारले कोदो खेतीको प्रवर्द्धनका लागि अनुदान दिन थालेपछि गाउँपालिकाले पनि सहल गरेको उनले बताए ।

मकवानपुरगढीमा गत वर्ष २ सय ५० हेक्टरमा कोदो खेती थियो । अहिले विस्तार भएर ३ सय हेक्टर पुगेको गाउँपालिकाको कृषि शाखाका प्रमुख चन्द्रकान्त चौधरीले बताए । उनका अनुसार पालिकाका करिब २ सय घरधुरीले कोदो खेती गरेका छन । गाउँपालिकाले कोदोको पिठो बजारमा ल्याएको छ ।

कोदोको खपत बढाउन विद्यालयको दिवा खाजा कार्यक्रममा सातामा एक दिन बिहीबार कोदोका परिकार खुवाउनुपर्ने नियम बनाइएको छ । दिवा खाजा कार्यक्रममा कोदोको सेल, हलुवालगायत विभिन्न किसिमका परिकार बनाएर खान दिने गरिएको छ । गाउँपालिकाले गत वर्षदेखि बाँझो जग्गा खनजोत गरेर खेत गर्ने कृषकलाई प्रतिरोपनी ९ सय रूपैयाँ प्रोत्साहनस्वरूप अनुदान दिने गरेको छ । गत आव ४१ रोपनी बाँझो जग्गा खनजोत गरिएको थियो । यो वर्ष गाउँपालिकाले कोदो र फापरको समर्थन मूल्य तोक्नका लागि प्रक्रिया अगाडि बढाएको गापा उपाध्यक्ष मानकुमारी पाखिनले बताइन ।

यसैगरी भीमफेदी गाउँपालिकाले चालु आवदेखि कोदो खेती गर्ने किसानलाई प्रतिरोपनी २ हजार ५ सय रूपैयाँ अनुदान दिने व्यवस्था गरेको छ । कोदो खेती गर्नेलाई अनुदान दिने व्यवस्था बजेटमै घोषणा गर्दा किसानमा सकारात्मक सन्देश गएको गाउँपालिका अध्यक्ष हिदम लामाले बताए । 'अहिलेको वर्ष झण्डै तीन हजार रोपनीमा कोदो रोपिएको छ'' उनले भने ।

गत वर्षसम्म कोदो खेती एक हजार रोपनीमा पनि थिएन । कोदो खेती प्रवर्धन गर्न चालु आवकका लागि २५ लाख रूपैयाँ बजेट विनियोजन गरेको छ । कोदो खेतीतर्फ कृषकहरू आकर्षित हुँदा उत्पादन बढ्ने देखिएको गाउँपालिकाको कृषि शाखा प्रमुख केशव रिजालले बताए । 'किसान यति उत्साहित छन् की गाउँपालिकाले छुट्याएको बजेटले पुग्ला जस्तो छैन'' उनले भने ।

## थाहानगरको ४ नम्बर वडामा

# घरैमा पुगेर नागरिकता सिफारिस



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ४ को कार्यालयले दुई जना अपांगता भएका व्यक्तिको घरैमा पुगेर सिफारिस गरेको छ । वडाको सेवालाई नागरिकको अवस्थालाई हेरेर घरैमा पुगेर सिफारिस गरिएको वडाध्यक्ष नारायण लामाले बताए ।

थाहाको ४ नम्बर वडाको किटेनीका रामचन्द्र अधिकारीका पुर्ण अपांगता भएका २० वर्षिया छोरा प्रज्वल अधिकारी र सोही स्थानका सानीकान्छी घलेका छोरा ३२ वर्षिया ओम बहादुर घलेको नागरिकताका लागि घरैमा पुगेर सिफारिस गरेको हो । उनीहरू दुबैको वडा कार्यालय आफैले जिल्ला प्रशासन कार्यालय मकवापुरमा लगेर नागरिकता दिलाउने वडाध्यक्ष लामाले बताए । वडा अध्यक्ष नारायण लामाका अनुसार-'अपाङ्गता भएका दुबै जनालाई वडासम्म ल्याएर सिफारिस दिलाउन गाह्रो भएकोले उमेर पुग्दा पनि नागरिकता बनाउन नसकिएको हो ।' नागरिकता बनाइदिए पछि सरकारबाट पाउने सेवा सुविधाका लागि थप सहज हुने भएकोले यस सम्बन्धी प्रक्रिया अघि बढाइएको अध्यक्ष लामाको भनाइ छ ।

वडा कार्यालयले गरेको सहयोगको प्रशंसा गर्दै प्रज्वलका बाबु रामचन्द्र अधिकारीले वडा कार्यालयले अभिभावककै भूमिकामा रहेर सहयोग गरेको बताए । उनले भने-'अब छोराले नागरिकताकै कारण पाउने सुविधाबाट वञ्चित हुँदैन ।' २० वर्षिया प्रज्वलको जन्मेको केही महिनामा नै शरीरको कुनै अंग नचल्ने भएको थियो भने ओम बहादुर मानसिक अपाङ्कता छन् ।

# स्वास्थ्य केन्द्रलाई ह्विलचियर सहयोग

◆ विकास संवाददाता

सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले आफ्नो छैठौं स्थापना दिवसको अवसरमा थाहानगरको पालुङ प्राथमिक स्वास्थ्य केन्द्रलाई चारथान ह्विलचियर सहयोग गरेको छ । थाहा नगरपालिकाको पालुङ जेसिज सभाहलमा कार्यक्रमको आयोजना गरी कम्पनीको सामाजिक उत्तर दायित्व अन्तर्गत सहयोग गरेको कम्पनीका सहायक महाप्रबन्धक चुडामणी सुवेदीले जानकारी दिए ।

सो अवसरमा जीवन बीमा सम्बन्धी अभिमुखिकरण पनि सञ्चालन गरिएको छ । कार्यक्रममा पालिकाका जनप्रतिनीधिहरू, स्थानीय संघसंस्थाका प्रतिनीधि एवम् प्रमुखहरू लगायत स्थानीय अगुवाहरूको सहभागिता रहेको थियो ।

थाहा नगरपालिकाका प्रमुख विष्णु बहादुर विष्टको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरूषोत्तम ढकाल तथा इन्स्योरेन्सका सहायक महाप्रबन्धक चुडामणि सुवेदी विशेष अतिथी रहेका थिए । कार्यक्रममा प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख डाक्टर गगन कार्की, पालुङ क्याम्पसका क्याम्पस प्रमुख राजन मिश्र, पालुङ बहुउद्देश्यीय सहकारीका व्यवस्थापक प्रकाश पौडेल, सहव्यवस्थापक रामप्रसाद ढकाल, थाहानगर स्वास्थ्य शाखा प्रमुख मेघराज बलामी लगायतका उपस्थिति रहेको थियो ।




प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालयः थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

## • सम्पादकीय •

# सहकारीको ठग्नेहरुलाई कारबाही होस्

सहकारीमा संगठित भएर लगानी गर्ने सर्वसाधारण नागरिकहरु पछिल्लो समय ठगिन थालेका छन् । यो क्रम बढ्दै गएको छ । सहकारीका बचतकर्ताहरू सामान्य नागरिक हुन् । उनीहरुले बचत गर्ने रकम घर खर्चबाट बचेको होइन, घर खर्च गर्नबाट बचाएको अर्थात् गाँस काटेर जोगाएको रकम हो । त्यसकारण सहकारीका बचतकर्ताहरू यो संस्थामार्फत सपना देख्ने र त्यसलाई सम्भिmइरहने वर्गमा पर्छन् भनी विज्ञहरूले बताउने गर्छन्। यस्ता व्यक्ति परिवारको रकम ठगियो भने त्यो सामान्य हुँदै होइन । यस्ता व्यक्तिको रकम हिनामिना गर्नेहरू सामान्य अपराधी होइनन् भन्ने मान्यता छ । यस्ता ठगीका कारण कतिपय बालबालिकाको स्कूल नै छुटेको छ भने कतिपयले आफूले यस्ता संस्थामा राखेको रकम झिक्न नपाएर उपचारमा बेखर्ची भई प्राण नै गुमाएका उदाहरण पनि छन्। सहकारी भनेका जनतासम्म पुग्ने सबैभन्दा तल्लो तहको निकाय हो । त्यसकारण तिनको अनुगमन पनि त्यहीरूपले हुनुपर्छ भनिएको हो । एउटा अध्ययनले के देखाएको छ भने सहकारीबाट भएको ठगीका बारेमा उचित दण्डको पनि व्यवस्था छैन् । यी संस्थामार्फत ठगी र लूट अति भएपछि सरकारले केही पहिले यसको अध्ययन गर्न र उचित सुझाव दिन भनी कार्यदल बनाएको थियो ।

त्यसैले भर्खरै आफ्नो सुझाव दिएको छ । यसलाई सरकारले कार्यान्वयनमा ल्याओस् भन्ने अपेक्षा हो । आजसम्मको उदाहरण के छ भने यस्ता कार्यदल हुन् कि आयोग हुन्, तिनले दिएका प्रतिवेदनहरू न सार्वजनिक हुन्छन् न उनका सुझाव कार्यान्वयनमा नै आउँछन् । यसले सामान्यतया सरकार ठगी गर्नेहरूकै पक्षमा उभिएको जस्तो देखाउँछ । त्यसकारण पनि पीडितहरू सरकारलाई खबरदारी गर्न सडकमा नै उत्रन बाध्य भएका छन् । यो कार्यदल पनि सहकारीमा बचतकर्ताहरूको रकम सञ्चालकहरूले दुरुपयोग गरेर बचत फिर्ता माग्दा नदिएपछि पीडितहरू सडकमा नै उत्रिएका थिए । एक/डेढ हप्ताको लामो सडक आन्दोलनपछि सरकारले बाध्य भएर कार्यदल गठन गरेको थियो । यसको प्रतिवेदन आएको छ । त्यसमा विगतको भन्दा केही भिन्न र सञ्चालहकहरू दण्डित हुने खालका सुझावहरू पनि भेटिन्छ । त्यसकारण यो प्रतिवेदन पनि विगतकोजस्तै भित्रभित्रै गायब पारिन्छ कि भन्ने डर पीडितहरूमा रहेको पाइन्छ । सरकाले यो प्रतिवेदन सार्वजनिक गरेर त्यसमा दिइएका सुझावलाई हुबहुरूपमा कार्यान्वयनमा ल्याओस् भन्ने माग भइरहेको छ । यो कार्यदलले जसरी भए पनि बचतकर्ताको रकम फिर्ता गराउन सरकारलाई सुझाव दिएको छ ।

त्यसका लागि सहकारी संस्थाहरूको स्थिर सम्पत्ति र अन्यत्र गरिएका लगानीलाई स्रोत मानिएको छ । त्यसपछि तिनका सञ्चालकको स्वामित्वमा रहेको सम्पत्तिसमेत बेचबिखन गर्न सुझाइएको छ ।उल्लेखित प्रकारले सहकारीमा रकम जम्मा गर्नेहरूको बचत फिर्ता गरियो भने या अरूका लागि पनि एउटा पाठ बन्नेछ । सहकारीमा जम्मा भएको रकम अपचलन गर्ने क्रम तीव्ररूपले विस्तार भइरहेको छ । त्यसलाई पनि अविलम्ब रोक्न आवश्यक छ । सहकारी ठगीको रकम खर्बको हाराहारीमा पुगिसकेकोतर्फ पनि सरकारले ध्यान दिनू टड्कारो आवश्यकता भएको छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# शैक्षिक सवाल एकातिर शिक्षा ऐन अर्कोतिर



◆ विनय कार्की

विद्यालय शिक्षासँग सम्बन्धित प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको 'विद्यालय शिक्षा ऐन २०८०' संसदमा पेश भएको छ। पेश भएसँगै यो राष्ट्रिय बहसको बिषय बनेको छ। संविधानमा शिक्षालाई मौलिक अधिकार का रूपमा राखिएको छ । संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ ।

त्यस्तै, शिक्षा क्षेत्रमा राज्यको लगानी बढाउने साथै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने शिक्षा नीतिको व्यवस्थापन गर्ने कुरा उल्लेख गरिएको छ। संविधानले देशलाई संघीय संरचनामा लगेर संघ, प्रदेश र स्थानीय तहमा राज्यशक्तिको बाँडफाँट गरेको छ । संविधानको अनुसूची-८ मा माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दियो । त्यस्तै अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा पनि शिक्षाको अधिकार राखेको छ। यस ऐनले विशेष विद्यालयको संचालन बाहेकको विद्यालय शिक्षाको धेरै अधिकार स्थानीय तहलाई नै दिएको छ ।

विद्यालयको संचालन र अनुमति रद्द गर्ने, नयाँ विद्यालय संचालन गर्न अनुमति दिने, शिक्षक नियुक्ति, सरूवा र कारबाही गर्ने लगायत विद्यालय शिक्षा सम्बन्धी अधिकार ऐनले स्थानीय तहलाई दिएको देखिन्छ । विद्यालयमा कार्यरत कर्मचारी र शिक्षकहरूलाई ऐनको यो प्रावधान मन नपरेको देखिन्छ। स्थानीय सरकारले अधिकारको दुरूपयोग गर्ने डर, शिक्षक तथा कर्मचारीमा देखिएको पुरानै एकात्मक संरचनको मनोविज्ञान र व्यावहारिक हिसाबले शिक्षक र स्थानीय तहसँगका टकराव र राजनीति जस्ता धेरै कारणले ऐनमा स्थानीय तहलाई दिएको यस्ता अधिकारको विरूद्धमा शिक्षक सडकमै गएका छन् ।

संघलाई छोड्न नचाहने र स्थानीयलाई विश्वास नगर्ने बीचको द्वन्द्वमा शिक्षकहरू फसेका छन्। शिक्षकले यसरी शिक्षाको स्थानीयकरणसँग असहमति जनाउँदा संघीयताको विषयमा पनि सँगै पुनः प्रश्न उठेको छ। त्यस्तै, यसले हाम्रै इतिहासमा सामुदायिक स्तरमा खोलेका विद्यालयको स्थानीय स्तरबाट सुरू भएको र यसको व्यवस्थापन पनि स्थानीय रूपमा गरेको संस्थागत स्मरणलाई भुलेको देखिन्छ । नेपालमा आज हामीसँग दुई फरक प्रकारका विद्यालय छन् । पहिलो गैरनाफामूलक सरकारी/सामुदायिक विद्यालय र दोस्रो नाफामूलक संस्थागत (निजी) विद्यालयहरू छन् ।

हाम्रो संविधानले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क व्यवस्था गरेसँगै विद्यालय तहमा व्यापारको कल्पना गर्दैन । त्यसैले संविधानले संस्थागत विद्यालयलाई चिन्दैन । तर, यथार्थमा हामीसँग तीन हजार भन्दा धेरै संस्थागत विद्यालयहरू हाल संचालनमा छन्। यस ऐनले यस्ता संस्थागत विद्यालयको पहिचान गर्दै शैक्षिक गुठी अन्तर्गत स्थापना र सञ्चालन हुने अधिकार दिंदै यसको निरन्तरता र नयाँ पनि खोल्न सक्ने बाटो देखाएको छ ।

यस्ता संविधानको परिकल्पना भन्दा बाहिर देखिएका संस्थागत विद्यालयको व्यवस्थापन विश्वको चर्चित हार्वर्ड विश्वविद्यालयको अवधारणामा गर्न सकिन्छ। हार्वर्ड विश्वविद्यालयमा निजीको जस्तै विद्यार्थीबाट शुल्क उठाएर चल्ने शैक्षिक संस्था हो। यहाँ संकलन भएको अर्थ र अन्य स्रोतसाधन आफ्नै भौतिक संरचनाको निर्माण, क्षमता विकास, शैक्षिक गुणस्तर, शिक्षक तलब, भत्ता र अध्ययन अनुसन्धानमा खर्च गरिन्छ । त्यहाँको नाफामा कसैले व्यक्तिगत दावी गर्दैन । त्यसैले यो गैरनाफामूलक हुन्छ। हामीसँग भएका निजी लगानीका विद्यालयलाई पनि त्यस्तै तरिकाले केही लगानीको रकम बापत तलब र भत्ता लिने र विद्यालयमा उठेको रकम मूलतः विद्यालयको व्यवस्थापन र स्तरोन्नतिका लागि खर्च गर्ने गरिको यस्ता विद्यालयलाई शैक्षिक गुठीमा रूपान्तरण गर्ने ऐनमा प्रष्ट उल्लेख गर्नुपर्छ। शिक्षामा व्यापार गर्दै नाफा कमाउने मनसायलाई ऐनले निरूत्साहित गर्नुपर्छ। यसरी हेर्दा निजी विद्यालय सञ्चालन सम्बन्धी ऐनले बोलेको देखिन्छ भने तर त्यस्ता विद्यालयका शिक्षक र कर्मचारीका विषयमा भने प्रष्ट लेख्न सकेको छैन। ऐनले उनीहरूको तलब, भत्ता र सेवा-सुविधाको सुनिश्चितता गरेको पाइँदैन ।

यस ऐनलाई लिएर सामुदायिक विद्यालयका शिक्षकले सडकमै विरोध र प्रदर्शन गर्दै परिमार्जनका एजेन्डा उठाइर हँदा निजी विद्यालयका शिक्षक भने संगठित आवाज उठाउन पनि सकेका छैनन्। निजी विद्यालयका लगानीकर्ताको लगानीलाई चिन्ने र त्यसको पहिचान गर्ने तर त्यस्ता विद्यालयमा अध्यापन गराउने शिक्षक र कर्मचारीका विषयमा ऐन नबोल्दा यस ऐनको निष्पक्षता माथि प्रश्न पनि उठेको छ ।

सामुदायिक विद्यालयमा अध्यापन गरिरहेका शिक्षकहरू लामो समयदेखि आन्दोलित छन् । अहिले काठमाडौंमा राजधानीकेन्द्रित आन्दोलन चलिरहेको छ । शिक्षकको सरूवा, दरबन्दी, कारबाही स्थानीय सरकारले गर्ने, अस्थायी शिक्षकलाई विगतका सहमतिका आधारमा स्थायी गर्ने र उनीहरूलाई पेन्सन दिंदा अस्थायी हुँदाको बेलादेखिको समय पनि जोड्नुपर्ने, विद्यालय कर्मचारी संघीय सरकार अन्तर्गत हुनुपर्र्ने, इसीडी शिक्षकलाई प्राथमिक तृतीय सरह दरबन्दीको व्यवस्था गर्नुपर्ने, प्रधानाध्यापकको नियुक्ति शिक्षक सेवा आयोगले खुल्ला प्रतिस्पर्धा गर्नुपर्ने, शिक्षक तालिमका लागि शिक्षक काउन्सिलको व्यवस्था गरिनुपर्ने, शिक्षकको तलब र सेवासुविधा अन्य सरकारी कर्मचारी सरह हुनुपर्ने जस्ता मागहरू उठाउँदै शिक्षकहरू सडककेन्द्रित आन्दोलन गरिरहेका छन् ।

गुणस्तरीय शिक्षामा बालबालिकाको पहुँच पुऱ्याउने चाहना, विद्यालयको मात्रात्मक र गुणात्मक विकास र स्तरोन्नतिदेखि समग्र विद्यालयको शैक्षिक सुधारमा शिक्षकको सहभागिता, नेतृत्व र सहकार्य विना सम्भव हुँदैनन्। देशको शैक्षिक सुधार गर्न पहिले क्षमतावान, सकारात्मक सोच, उच्च मनोबल, ऊर्जावान र आलोचनात्मक शिक्षकको आवश्यकता पर्छ। यसको ठीक विपरीत यस ऐनले शिक्षकलाई नियन्त्रण गर्न सक्दा मात्र त्यसले शिक्षामा सुधार गर्न सकिन्छ भन्ने मनसाय देखिन्छ। ऐनले शिक्षकले अरू व्यवसाय, पेशा, राजनीति केही गर्न पाइँदैन भनिरहँदा अध्यापन गरेर सहज जीवनयापन गर्न पुग्ने तलब शिक्षकलाई दिन आवश्यक छ ।

ऐनले शिक्षकलाई राजनीतिमा लाग्न नहुने, कम्पनी स्थापना र सञ्चालन, व्यापार व्यवसाय गर्न नहुने, अन्यत्र कुनै सेवा गर्न नहुने, प्रदर्शन र हड्ताल गर्न प्रतिबन्ध जस्ता धेरै प्रावधानले सीमा तोकेका छन्। ऐनले शिक्षकलाई केवल शिक्षकको रूपमा शैक्षिक र बौद्धिक कर्म मात्र गर्ने व्यक्तिको रूपमा हेरेको देखिन्छ। तर के आज सरकारी शिक्षकले प्राप्त गर्ने तलब, भत्ता, सेवा, सुविधाले शिक्षण पेशामा आकर्षण भरिरहन सक्छ ? सक्दैन। शिक्षकलाई सबैभन्दा आकर्षण र रोजाइको पेशा बनाउन राज्यले शिक्षामा र शिक्षक तथ कर्मचारीको सेवामा पनि लगानी बढाउनुपर्छ। स्नातक र स्नातकोत्तर तह पढेका व्यक्ति मात्र शिक्षण पेशामा आउन सक्ने प्रावधान आफैंमा खराब देखिंदैन। तर, शिक्षक हुनलाई योग्यता मात्र खोज्ने, त्यहाँ टिकाउन र प्रथम रोजाइको सेवा बनाउन, शिक्षकको मनोबल उच्च हुने गरी अध्यापन गराउने वातावरण बनाउन शिक्षकलाई पर्याप्त सेवा, तलब, भत्ता, सामाजिक सुरक्षा र सेवापछि पेन्सनको पनि उचित व्यवस्थापन गर्न ऐन चुकेको देखिन्छ ।

विद्यालय शिक्षा भनेको देशको भविष्य निर्माण गर्ने थलो हो। आजको पूँजीवादी प्रतिस्पर्धी संसारमा प्रविधियुक्त गुणस्तरीय, व्यावहारिक, सीपमूलक र व्यावसायिक शिक्षाको पहुँचले मात्र बालबालिकाको उज्ज्वल भविष्यको सुनिश्चितता गर्न सकिन्छ। संसदमा पेश गरिएको शिक्षा नीतिले विद्यार्थीका विषयमा केही खुलेर बोलेको देखिंदैन । यसले विद्यार्थीलाई फेरि केवल सिक्ने, पढ्ने, जान्ने र परीक्षा दिएर पास वा फेल हुने व्यक्तिका रूपमा मात्र हेर्दै पुरानै शिक्षा प्रणालीको निरन्तरता गरिएको पाइन्छ ।

विद्यार्थीका बारेमा ऐन मौन देखिनुले उनीहरूको हितको प्रतिनिधित्व यो ऐनले गर्न नसकेको देखिन्छ। घोकन्ते विद्याको अवधारणामा परिवर्तन गर्दै संवाद, सामूहिक सिकाइ जस्ता अवधारणाको

*बाँकी पृष्ठ ३ मा*

# 'अरुचि हुँदाहुँदै खाना खाँदा के हुन्छ ?


फोटोः गुगलबाट

शरीरमा कुनै भाइरल संक्रमण, ब्याक्टेरियाको संक्रमण र कुनै चोटपटक लाग्दा ज्वरो आउँछ । ज्वरो आउँदा खान मन नलाग्ने, खाए पनि नरूच्ने हुन्छ । यस्तो बेला जबर्जस्ती खान हुन्छ कि हुँदैन ? धेरैको मनमा यो प्रश्न आउन सक्छ ।

एमडी इन्टरनल मेडिसिन डा. निमेश पौडेल ज्वरो आउँदा धेरैजसोलाई खाना नरूच्नु सामान्य रहेको बताउँछन् । 'ज्वरो दुई किसिमको संक्रमणले हुन्छ, ब्याक्टेरिया र भाइरल इन्फेक्सन,' उनी भन्छन्, 'भाइरल इन्फेक्सनमा झन् बढी खाना नरूच्ने हुन्छ ।'

कलेजोमा इन्जाइम अर्थात् एएसटीको वृद्धिले पनि खाना नरूच्ने हुन्छ । एएसटी दुई कलेजो इन्जाइममध्ये एक हो । यसलाई मेडिकल भाषामा सिरम ग्लुटामिक-अक्सालोएसेटिक ट्रान्समिनेज (एसजीओटी) भनिन्छ । यो कोषिकाद्वारा बनाइएको प्रोटिन हो । यसले शरीरमा मेटाबोलिज्म बढाउन मद्दत गर्छ ।

पाचन प्रक्रियामा सहयोग गर्न यसको महत्वपूर्ण भूमिका हुने डा. पौडेल बताउँछन् । 'यसमा समस्या हुँदा खाना नरूच्ने हुन्छ । यदि कलेजो स्वस्थ छ भने खाना मज्जाले रूच्छ,' उनी भन्छन् ।

## त्यसो भए ज्वरो आउँदा खान मन नलागे पनि खाने कि नखाने त ?

'यसबेला चिकित्सकले खाना खानुस् भनेरै जोड दिइरहेका हुन्छौं । किनकि यसबेला खाना खाएन भने झन् कमजोर भइन्छ,' डा. पौडेल भन्छन्, 'यसले अन्य जटिलता हुने सम्भावना हुन्छ । तर बिरामीको अवस्था हेरेर खाना खानुपर्छ । जस्तै ज्वरोसँगै कब्जियत पनि भएको छ भने ठोस खानेकुरा खानुभन्दा पनि प्रशस्त मात्रामा पानी वा झोल पदार्थ खाएर पेट सफा राख्न जरूरी हुन्छ ।' ज्वरो आएको बेला एकैपटक धेरै खानुभन्दा थोरै-थोरै गरेर समय-समयमा खानु राम्रो हुने उनी बताउँछन् । 'तर चिल्लो, दूध, खसीको मासु वा धेरै पोटिनयुक्त खानेकुरा खानु हुँदैन । यसले पेट फुल्ने, वाकवाकी लाग्ने हुन सक्छ,' डा. पौडेल भन्छन्, 'त्यसैले फाइबरयुक्त खानेकुरा हरियो सागपात, झोलिलो खानेकुरा, फलफूल, ड्राइफुड र पानी प्रशस्त मात्रामा खाँदा लाभदायक हुन्छ ।'

ज्वरो आएको बेला खाना नखाँदा रोगप्रतिरोधी क्षमता बढ्न पाउँदैछ । त्यसैले खाना धेरै नरूचे पनि खान डा. पौडेल सुझाउँछन् ।

'खाना खाएर केही बेफाइदा हुँदैन, बरू खाएन भने बेफाइदा हुन्छ । जस्तै खाना धेरै समय नखानाले शरीरमा सुगरको लेभल घट्ने, प्रेसरको औषधि खाइरहेको छ भने ब्लड प्रेसर कम हुन्छ,' उनी भन्छन्, 'त्यस्तै झन् कलेजोको बिरामी भएमा त खाना अनिवार्य खानैपर्छ । खाना खाएन भने शरीरमा सुगरको लेभल अचानक कम भएर मानिसको मृत्युसमेत हुन सक्ने जोखिम हुन्छ ।'

पोषिणविद्हरूले एउटा साझा भनाइ हुन्छ कि भोक नलागी खाना खाँदा त्यसले शरीरमा फाइदा भन्दा पनि बेफाइदा गर्छ । यसरी खाएको खाना पच्दैन । त्यसो भए ज्वरो आएको बेला भोक नलागे पनि वा खाना खान मन नलागेको खाएको खान पच्छ कि पच्दैन ? पोषणविद् प्रणिती सिंह भन्छिन्, 'स्वस्थ भएको बेलामा भोक नलागे पनि खाएको खाना पचाउन गाह्रो हुन्छ । खाएको अनुसार व्यायाम गरेको छ भने पचाउन सकिन्छ । तर खाएर सुत्ने वा केही नगरी बसेमा पचाउन सक्दैन । तर ज्वरो आएको बेला यो भनाइ लागू हुँदैन । यसबेला खाना खान मन नलागे पनि खाएको खाना पच्छ ।'

तर ज्वरो आउँदा ठोसभन्दा झोलिलो खानेकुरा खान उनी सुझाउँछिन् । 'यसबेला शरीरको सबै शक्ति संक्रमणसँग लड्नमा प्रयोग भइरहेको हुन्छ । यस्तो बेला खाना खाएन भने ग्यास्ट्रिकको समस्या, शरीर कमजोर भएर अन्य रोग निम्त्याउने सम्भावना बढी हुन्छ,' उनी भन्छिन्, 'त्यसैले ज्वरो आएको बेला जबर्जस्ती थोरै मात्रामा भए पनि खाना खानैपर्छ ।'

# शैक्षिक सवाल एकातिर ... .. . . .

प्रयोग गर्न सक्दा विद्यालय विद्यार्थीका लागि आकर्षणको केन्द्र बन्छन् । विद्यालय जाने बालबालिका अनुशासनको कडा घेराभित्र प्रतिस्पर्धा गरेर सफल हुने वा असफल हुने दौडका रूपमा तीनघण्टे घोकन्ते परीक्षा मार्फत माथिल्लो कक्षाको द्वार खोल्नुपर्ने मानसिक भार बोक्न बाध्य देखिन्छन् । सँगै बालबालिकालाई बालभरिया जस्तो बनाएर घर र विद्यालय किताब, कापी, अन्य सामग्री शारीरिक र मानसिक रूपमा दैनिक ओसारिरहेका छन् ।

सिकाइ र शिक्षणका यस्ता प्रक्रियाले बालबालिकालाई शिक्षाप्रति उत्साहित बनाउन सकेको छैन । यस शिक्षा ऐनले पनि विद्यार्थीको उपस्थिति पूर्ण मानिसको रूपमा स्वीकार गर्न सकेको छैन । उनीहरूको विद्यालयमा समान उपस्थिति विना शिक्षाको गुणस्तर, व्यावहारिक र रोजगारमूलक बन्न सक्दैन । यो ऐन यस्तै लागु हुँदा विद्यार्थीका लागि पुनः कक्षाकोठामा अनुशासनको डण्डा चलाएर जिज्ञासा, आलोचनालाई निष्क्रिय बनाउने, सफल बन्नु मात्र जीवनको लक्ष्य सिकाउने, सफललाई पुरस्कार र असफललाई दण्डको छडी चल्ने स्थान बन्छ । यस्ता नियमसँग संघर्ष गर्न नसकेर चाँडै धेरै बालबालिकामा मनोबल घट्छ र विस्तारै त्यसैमा अभ्यस्त हुँदै असफलतामा रमाउन थाल्छन् । र, धेरैले सधैंका लागि यस्ता प्रतिस्पर्धाबाट आफूलाई अलग गर्दछन् । हाम्रो हाल विद्यमान परीक्षा प्रणालीले केहीलाई सफल बनाएर धेरैलाई असफल घोषणा गर्ने गरेको पाइन्छ ।

त्यसैले आजको परीक्षा प्रणालीमा परिवर्तन गर्दै फराकिलो आधारमा विद्यार्थीका फरक-फरक क्षमताको मूल्याङ्कन र मापन गर्न सक्नुपर्छ । शिक्षा ऐनले परीक्षा प्रणाली र पाठ्यक्रमको परिवर्तन गरेर विद्यार्थीमैत्री शैक्षिक वातावरण विद्यालयमा निर्माण गर्नुपर्छ । नेपाल लोकतान्त्रिक मुलुक हो । शिक्षाको महत्वपूर्ण जिम्मेवारी भनेको लोकतन्त्रलाई संस्थागत गर्दै यो व्यवस्थालाई आवश्यक लोकतान्त्रिक मूल्यमान्यता सहितको नागरिक उत्पादन गर्नु हो । तर हाम्रा विद्यालय, कक्षाकोठा, शिक्षक विद्यार्थी र विद्यालय शिक्षकका सम्बन्धहरू लोकतान्त्रिक छैनन् । विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समिति, कर्मचारीबीचको सम्बन्ध तहगत देखिन्छन् । यस्ता संरचनामा बहुसंख्यामा रहेका विद्यार्थी भने सधैं सबैभन्दा तल्लो तहमा रहने गरेका छन् । यस शिक्षा ऐनले यस्ता तहगत र संरचनागत सम्बन्धहरू हटाउँदै कक्षाकोठामा सिकाइ वातावरण निर्माण गर्दै, पठन सामग्री र पठन प्रणालीमा व्यापक परिवर्तन गर्न जरूरत छ । यस्तै शिक्षा ऐनले विद्यार्थीका लागि विद्यालयमा संवाद, छलफल र फराकिलो सामाजिक अन्तरघुलनको अवसर दिने वातावरण निर्माण गर्ने थलो बन्नसक्दा मात्र लोकतन्त्रको जग बलियो हुँदै जान्छ ।

अर्को विद्यालयको महत्वपूर्ण संरचना विद्यालय व्यवस्थापन समिति (वि.व्य.स.) हो । यसका बारेमा यो ऐनले धेरै बोलेको छैन । प्रत्येक विद्यालयमा वि.व्य.स. रहने भने पनि यसले वि.व्य.स.मा अभिभावक, समुदाय र सरोकारवाला पक्षको कसरी समावेश गर्ने भन्ने विषयमा ऐन प्रष्ट देखिंदैन । त्यस्तै विद्यालयमा सामुदायिक स्तरबाट मानव स्रोत र समुदायस्तरबाट अन्य सेवा विद्यालयमा कसरी जोड्ने भन्ने विषयमा पनि ऐन प्रष्ट देखिंदैन । संविधानले परिकल्पना गरेको सबै बालबालिकाका लागि शिक्षाको पहुँच पुऱ्याउन वि.व्य.स.को सक्रियताबाट मात्र सम्भव हुन्छ ।

यस्तै समुदायमा कुन बालबालिका विद्यालयबाट छुटेका छन् ? उनीहरू किन छुटे ? त्यसका पछाडि के-कस्ता कारण छन् ? कुन बालबालिकाले विद्यालयमा निरन्तरता दिनसकेका छैनन् ? त्यसका कारण के हुन् ? त्यसको हल कसरी गर्न सकिन्छ ? भन्ने विषयमा वि.व्य.स.को सबैभन्दा ठूलो भूमिका हुन्छ । स्थानीय तहमा शिक्षा गए पनि वि.व्य.स.को जिम्मेवारी ऐनले तोक्न नसक्दा सार्वजनिक विद्यालयको अपनत्व अझै स्थानीय समुदायले लिनसकेको देखिंदैन ।

यो शिक्षा ऐनले संविधानले परिकल्पना गरेको सबैका लागि माध्यमिक तहसम्मको निःशुल्क शिक्षामा पहुँच पुऱ्याउने, शिक्षालाई गुणस्तरीय, शिक्षालाई सीपमूलक, रोजगारमूलक, व्यवहारिक र व्यावसायिक बनाउने, शिक्षकको मनोबल विकास गर्ने, निजी विद्यालयको व्यवस्थापन गर्ने, शिक्षामा लगानी बढाउँदै विद्यालयलाई स्रोतसाधन सम्पन्न गर्ने, शिक्षालाई समावेशी बनाउने र शिक्षा क्षेत्रको जवाफदेही र जिम्मेवारी वहन बनाउन शिक्षा ऐन प्रष्ट छैन ।

त्यस्तै शिक्षा ऐनको प्रावधानले संविधानमा परिकल्पना गरेको मौलिक हक, मानवअधिकार, समाजवाद र लोकतान्त्रिक प्रणालीको अवधारणालाई पूर्णरूपमा समेट्न सकेको देखिंदैन । यो प्रस्तावित ऐनले नेपालमा रहेको विद्यमान शैक्षिक अन्योलबाट समाजलाई बाहिर ल्याउने र शैक्षिक सवालको सम्बोधन गर्न सक्ने देखिंदैन । यस ऐनले शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी, वि.व्य.स. र शिक्षामा लोकतान्त्रिक प्रणाली लागू गर्न केही प्रगतिशील परिवर्तन गर्ने भन्दा पनि तत्कालका लागि झारा टार्ने काम भएको जस्तो देखिन्छ । देश समाजवाद उन्मुख भन्ने, मौलिक हक र मानवअधिकारको प्रत्याभूत गर्ने भन्ने संविधानमा लेख्ने तर ऐनले शिक्षा जस्तो क्षेत्रमा घुमाउरो पारामा व्यापार पनि गर्न दिने, विद्यार्थीलाई केही नजानेको सम्झँदै प्रतिस्पर्धा, अनुशासन र सफल वा असफल घोषणा गर्न परीक्षा प्रणाली चलाइरहने, शिक्षकले सबै जान्ने र विद्यार्थी यान्त्रिक रूपमा सिक्ने मात्र प्रणालीको निरन्तरता, समुदाय शिक्षाको अपनत्वबाट अलग हुँदै सरकारी विद्यालयमा रूपान्तरण हुने र विद्यालयलाई अलोकतान्त्रिक सामाजिक संरचनाको रूपमा निरन्तरता गरिरहने देखिन्छ । सतहमा रमाउन खोज्दा केही गहन सवालमा शिक्षा ऐनमा प्रवेश गर्न सकेको पाइँदैन ।

यो वर्षाको समयमा झाडापखाला, आउँ, टाइफाइड जस्ता पानीजन्य रोगहरू लाग्न सक्ने ठूलो सम्भावना रहन्छ । त्यसैले, महामारी फैलनबाट बच्न र बचाउन पानी शुद्धिकरण गरेर मात्र पिउने गरौं ।

पानी शुद्धिकरण गर्ने विधिहरू:

पानी धमिलो छ भने शुरुमा पानीलाई थिग्र्याएर छान्ने,
पानीलाई उमालेर मात्र पिउने,
उपलब्ध छ भने पानीलाई फिल्टर गर्ने,
पियुष वा आक्वा ट्याब्लेट राखेर शुद्धिकरण गर्ने ।

- पियुष प्रयोग गर्दा एक लिटर पानीमा एक थोपा पियुष झोल हाल्ने वा
- ३३ मिलिग्रामको आक्वा ट्याब्लेट प्रयोग गर्दा १० लिटर पानीमा एक चक्की आक्वा ट्याब्लेट हालेर राम्ररी घुलाउने ।
- पियुष वा आक्वा ट्याब्लेट हालेर पानीलाई राम्ररी सफा भाँडोले छोपेर आधा घण्टासम्म राखेपछि मात्र प्रयोग गर्ने ।

प्रकोपका बेला पानीजन्य रोगहरुबाट बचौं

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्वास्थ्य शाखा
थाहा नगर खानेपानी व्यवस्थापन बोर्ड २०७६

नगरौं विवाहका कुरा: भएको छैन बीस वर्ष पुरा

बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।



बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु बढन देउ, विवाह हैन पढन देउ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

# थाहानगर उवासंघको नयाँ कार्यसमितिलाई स्वागत

◆ विकास संवाददाता



मकवानपुर उद्योग वाणिज्य संघले थाहानगर उद्योग वाणिज्य संघको नवनिर्वाचित कार्यसमितिलाई स्वागत गरेको छ। मउवासंघका अध्यक्ष कृष्णकुमार गुप्ताको अध्यक्षतामा नवनिर्वाचित कार्यसमितिलाई स्वागत गरिएको हो। कार्यक्रममा बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दै अध्यक्ष गुप्ताले मउवासंघको स्थापना, आर्थिक क्रियाकलाप, संघले विगतदेखि वर्तमानसम्म गरेका अन्य विभिन्न कार्यहरू बारे उनले संक्षिप्त जानकारी गराएका थिए।

त्यसैगरी थाहानगर उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष पुरूषोत्तम ढकालले मउवासंघका पूर्वअध्यक्ष केशव श्रेष्ठको कार्यकालबाट मउवासंघको उत्तरी क्षेत्र समिति गठन प्रक्रिया प्रारम्भ भएको र सोही उत्तरीक्षेत्र समिति हाल थाहानगर उद्योग वाणिज्य संघको रूपमा विकसित भएको बताए। थाहानगर उद्योग वाणिज्य संघको वर्तमान भवन मकवानपुर उद्योग वाणिज्य संघकै सहयोगमा निर्माण भएको, अहिले पनि थाहानगर उद्योग वाणिज्य संघको मातृसंस्थाको रूपमा मकवानपुर उद्योग वाणिज्य संघलाई आफूले लिएको उनको भनाइ रहेको थियो।

उनले थाहानगर, कृषिको हिसावले परिचित र पर्यटकीय रूपमा सम्भावनायुक्त रहेको स्मरण गर्दै धार्मिकपर्यटनको रूपमा ऋषेश्वर, गोरखनाथलगायतका धेरै धार्मिक स्थल थाहानगरमा रहेको बताए। त्यसैगरी उनले मकवानपुर उद्योग वाणिज्य संघबाट थाहानगरको पर्यटन विकासमा सम्भावित पहलको लागि अनुरोध गरेका छन्। कार्यक्रममा संघका उपाध्यक्षत्रय प्रमोदसिंह रानाभाट, उज्वल चौलागाई, राजु अधिकारी, महासचिव दीपक उप्रेतीलगायतले बधाई ज्ञापन गरेका थिए।

# ज्येष्ठ नागरिकहरूको फोटो प्रदर्शनी हुने




◆ विकास संवाददाता

राष्ट्रिय फोटोपत्रकार समूह र एजिङ नेपालको आयोजनामा यहि १३ असोजमा काठमाडौंको बसन्तपुरमा ज्येष्ठ नागरिकको तस्वीर प्रदर्शनी गरिने भएको छ। अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवसको अवसरमा हिमाल पहाड र तराईका जेष्ठ नागरिकको तस्वीरहरू प्रदर्शनी गरिने कार्यक्रम संयोजक गणेश बिष्टले बताए।

कार्यक्रममा सक्रिय जेष्ठ नागरिकको तस्वीरहरू प्रदर्शनीमा राखिने छ। जेष्ठ नागरिकको दैनिकी, जेष्ठ नागरिकको मिहिनेत, सफलता, पारिवारिक खुशी, संघर्ष तथा सफलता झल्कने तस्वीर प्रदर्शनी गरिने छ। प्रदर्शनीमा राखिने तस्वीरहरूले नयाँ पुस्तामा उत्साह तथा उमंग जगाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ। साथै, जेष्ठ नागरिकहरूमा नैरास्यता तथा दुःखीपन हटउन मद्दत गर्ने संयोजक विष्टले बताए।

एजिङ नेपाल जेष्ठ नागरिकको हक अधिकार तथा न्यायको निम्ति काम गर्ने संस्था हो भने राष्ट्रिय फोटो पत्रकार समुहमा देशभरका फोटो पत्रकारहरूको साझा संस्था हो। राष्ट्रिय फोटो पत्रकार समुहले यस अघि विभिन्न स्थानहरूमा बालबालिकाको फोटो तथा पर्यटन प्रवर्द्धनात्मक फोटोहरू प्रदर्शनी गर्दै आएको छ।

# विद्यालयहरू हेटौंडामा पुरस्कृत



◆ विकास संवाददाता

बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयको आयोजनामा राष्ट्रिय शिक्षा दिवस मनाइएको छ। कार्यक्रमका अवसरमा बागमती प्रदेशभरीमा उत्कृष्ट रहेका सामुदायिक तथा संस्थागत बिद्यालयहरूलाई पुरस्कृत गरिएको छ। मन्त्रालयले २०७९ सालको माध्यमिक शिक्षा परीक्षा कक्षा १० मा कम्तीमा ३५ जना परीक्षार्थी सहभागी गराएको विद्यालयहरूलाई उत्कृष्टताका आधारमा छनौट गरेर पुरस्कृत गरेको छ।

प्रदेशभरीका सामुदायिक बिद्यालयहरू मध्यमा सबै भन्दा उत्कृष्ट प्रथम स्थानमा भक्तपुरको मेधा माध्यमिक विद्यालय भएको छ। त्यसैगरी नुवाकोट जिल्लाको पृथ्वी माध्यमिक विद्यालय द्धितीय भएको छ। काठमाण्डौंको श्रम राष्ट्रिय माध्यमिक विद्यालय तृतिय भएको छ। चौथोमा काठमाण्डौंकै पृथ्वी नारायण माध्यमिक विद्यालय भएको छ। पाँचौमा काठमाण्डौंकै बलम्बु माध्यमिक विद्यालय भएको छ। उनीहरू सबैलाई २ असोजमा शिक्षा दिवसका अवसरमा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टे र सामाजिक बिकास मन्त्री कुमारी मुक्तानले नगद पुरस्कार, प्रमाणपत्र समेत दिएर पुरस्कृत गरेका थिए।

यसैगरी संस्थागत विद्यालयतर्फ काठमाण्डौंको बुढानिलकण्ठ नगरपालिकाको रिलायन्स इन्टरनेसनल एकेडेमी, प्रथम भएको छ। त्यसैगरी द्धितीयमा काठमाण्डौंको बालुवाटारको हिज किङ्स इन्टरनेस्नल स्कुल ररहेको छ। त्यसैगरी तृतियमा काठमाण्डौंको टोखा नगरपालिकाको फ्लोरोसेन्ट माध्यमिक विद्यालय रहेको छ। तीनै वटा बिद्यालयलाई पनि नगद सहित पुरस्कृत गरिएको छ। सो अवसरमा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले कृषि, स्वास्थ्य र प्राबिधिक शिक्षा बिद्यालयमा पढाउनुपर्ने बताउनु भएको छ। २ असोजको कार्यक्रमको उद्‌घाटन् गर्दै उनले प्रदेश सरकारले बिद्यालयको क्षेत्रमा राम्रो काम गरेको दाबी गरे। शिक्षामा अरू समस्या भन्दा पनि त्रुटी पाठ्यक्रममा रहेको बताए। अबको शिक्षा कृषि क्षेत्रमा केन्द्रीत गर्नुपर्ने उनको सुझाब छ। स्वास्थ्य क्षेत्रमा नर्स र डाक्टर पढ्नका लागि धेरै शुल्क लिने गरेकोमा आपत्ति जनाउँदै उनले भने–'अब नर्स र डाक्टर पढाउनका लागि चाहिने शुल्क प्रदेश सरकारले तोक्छ र त्यसलाई सबैले पालना गर्नुपर्छ।'

बागमती प्रदेशका सामाजिक विकास मन्त्री कुमारी मुक्तानले शिक्षामा सुधार गरे मात्र अन्य क्षेत्रमा सुधार हुने बताइन्। शिक्षा दिवसको कार्यक्रममा अध्यक्षता ग्रहण गर्दै उनले शिक्षामा सुधार गरेमा सबै क्षेत्र सुध्रिने बताइन्। समाज सुधार र्गका लागि पहिलो व्यक्ति शिक्षक भएकाले उसले राम्रो शिक्षा दिन जरूरी रहेको बताइन्। अब प्रदेश सरकारले माध्यमिक विद्यालय स्तरको शिक्षा सुधार गर्नका लागि लगानी गरिरहेको उल्लेख गरिन्।

# थाहानगरबाट एमाले प्रतिनीधि छनोट

◆ विकास संवाददाता

नेकपा एमालेको ८ र ९ असोजमा काठमाडौंमा हुने प्रथम बागमती प्रदेश अधिवेशनका लागि थाहा नगरपालिकाबाट प्रतिनिधि छनोट भएका छन्।

थाहा नगरपालिकाबाट सर्वसम्मत्रुपमा ६ जना प्रतिनिधि चयन भएको नेकपा एमाले जिल्ला कमिटी मकवानपुरले जनाएको छ। थाहानगरबाट प्रदेश अधिवेशनका लागि बरिना बल, विष्णुप्रसाद ढकाल, बुद्धरत्न मानन्धर, रविन्द्र नापित, विमलकुमार ढकाल र कल्पना बलामी प्रतिनिधि छनोट भएका छन्।

नेकपा एमालेको प्रदेश अधिवेशनले प्रदेश कमिटीसमेत निर्वाचित गर्नेछ।

# कुलेखानी–फर्पिङ सडक निर्माणका लागि नौ करोड

◆ विकास संवाददाता

हेटौंडा–काठमाण्डौं ओहोर दोहोर गर्ने छोटो दुरीमो मार्ग निर्माण गर्नका लागि ठाउँ ठाउँमा बागमती प्रदेश सरकारले हरेक वर्ष लगानी गर्दै आएको छ।

प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगत पूर्वाधार विकास कार्यालय चितवनले हेटौंडा–फाखेल फर्पिङ सडक खण्ड अन्तरगत कुलेखानी फर्पिङ क्षेत्रमा सडक निर्माणका लागि चालु आर्थिक वर्षमा थप नौ करोड रूपैयाँ लगानी गरेर काम गर्न लागिएको हो। प्रदेश सरकारको गौरवको आयोजना अन्तरगत तत्कालिन मुख्यमन्त्री डोरमणि पौडेलको पाला देखि हाल सम्म यस सडकलाई प्राथमिकता दिइदै आएको छ।

अहिले थप गरिएको नौ करोड रूपैयाँ लगानीबाट सडक चौडा गर्ने, ग्याबिन गर्ने, पिच गर्ने लगायतका काम गरिने पूर्वाधार विकास कार्यालय चितवनले जनाएको छ। यो सडकसंगै भैसे–भीमफेदी सडक खण्ड, सिस्नेरी सडक खण्ड लगायतका क्षेत्रमा पनि निरन्तर रूपमा काम भइरहेका छन्।



# थाहानगरको एउटा समपूरक योजना प्रभावकारिता अध्ययनमा पर्यो

◆ विकास संवाददाता

राष्ट्रिय योजना आयोगले समपुरक र विशेष अनुदानबाट सञ्चालन भएका योजनाहरूको प्रभावकारीता अध्ययन गर्ने भएको छ । यस अन्तर्गत मकवानपुर थाहा नगरपालिकाको पनि एउटा समपुरक आयोजना अध्ययनका लागि छनोट भएको छ ।

थाहा नगरपालिका वडा नम्बर ६ मा आर्थिक वर्ष २०७६/०७७ मा निर्माण शुरू भएको सरस्वती बजार बगर बुढिचौर सडकको प्रभावकारिताको अध्ययन गरिने भएको हो । यो दुई वर्षमा सम्पन्न हुनेगरी निर्माण थालिएको योजना हो । यस सडकको लागत ३ करोड ९९ लाख ९९ हजार ६ सय ८४ रहेको राष्ट्रिय योजना आयोगले जनाएको छ ।

थाहा नगरपालिकासहित मकवानपुर का १० मध्ये ७ स्थानीय तहको ९ वटा योजनाको योजना आयोगले प्रभावकारीता अध्ययन गर्ने जनाएको छ । राष्ट्रिय योजना आयोगले कैलाश गाउँपालिकामा सञ्चालन भएको विशेष अनुदानतर्फको महिलाको पाठेघर तथा आङ खस्ने रोग सम्बन्धी शिविर सञ्चालन, विशेष अनुदानकै राक्सिराङ गाउँपालिकाको चेपाङ खानेपानी कार्यक्रम, मकवानपुरगढी गाउँपालिकाको विशेष अनुदानबाट सञ्चालन भएको १५ शैया अस्पताल निर्माण र समपुरक अनुदानबाट निर्माण भएको कोल्डस्टोर निर्माणको प्रभावकारिता अध्ययन गर्ने जनाएको छ ।

त्यस्तै, विशेष अनुदानबाटै सञ्चालन भएको मनहरी गाउँपालिकाको नवीनतम प्रविधि प्रयोगद्वारा खाद्य उत्पादन र बजारि करणमा वृद्धि गर्दै ग्रामिण क्षेत्रमा पोषण तथा खाद्य सुरक्षाको सुनिश्चितता गर्ने कार्यक्रम, भिमफेदी गाउँपालिकामा विशेष अनुदानतर्फकै उपल्लो सुपिङ वृहत्त खानेपानी र समपुरक अनुदानबाट निर्माण भएको भिमफेदी गाउँपालिका भवन र इन्द्रसरोवर गाउँपालिकामा समपुरक अनुबाट निर्माण भएको खाण्डु सुकौरा नयाँगाउँ कालपानी रोडको प्रभावकारीता अध्ययन हुने भएको हो ।

प्रभावकारिता अध्ययन अन्तर्गत मकवानपुरका विशेष अनुदानतर्फका ५ वटा र समपुरक अनुदानबाट सञ्चालन भएका ४ योजना परेका छन् । राष्ट्रिय योजना आयोगले समपुरक २ सय ४७ र विशेष अनुदानबाट संचालन भएका ३ सय ३५ गरी ५ सय ८२ आयोजनाको प्रभावकारिता अध्ययन गर्ने भएको हो ।

प्रभावकारीता अध्ययन अन्तर्गत स्थानीय तहमा छलफल तथा अन्तरक्रिया, स्थलगत अवलोकन समेत गरिने आयोगले जनाएको छ ।

# इन्द्रसरोवरमा नि:शुल्क आँखा शिविर हुने

◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा हेटौंडा सामुदायिक आँखा अस्पताल र अनडिूम अन्धोपन परियोजनाको आयोजना तथा सहयोगमा पालिकाको विभिन्न पाँच स्थानमा नि:शुल्क आँखा शिविर हुने भएको छ ।

शिविरको स्थानीय आयोजक इन्द्रसरोवर गाउँपालिका र इन्द्रसरोवर ग्रामिण आँखा केन्द्र कुलेखानी रहेका छन् । शिविरको स्थानीय आयोजक यहि असोज १०, ११ र १२ गते तीनदिन शिविर हुन लागेको प्रमुख प्रशासकीय अधिकृत प्रलाद कार्कीले जानकारी दिए । फाखेल स्वास्थ्य चौकी र ५ नम्बर वडा कार्यालय चखेलमा १० असोजमा, सिस्नेरी स्वासथ्य चौकी र मार्खु स्वास्थ्य चौकीमा ११ असोजमा र इन्द्रसरोवर आँखा केन्द्रमा १२ असोजमा नि:शुल्क आँखा शिविर हुने आँखा केन्द्रकी अनिस कालाखेतीले जानकारी दिइन् ।

शिविरबाट मोतियाबिन्दु पहिचान भएका बिरामीहरूको १३ असोजमा नि:शुल्क अप्रेशन गरिने कालाखेतीले बताइन् । अप्रेशन गर्नुपर्ने बिरामीहरूका लागि नि:शुल्क खाना, बस्न र यातायातको व्यवस्था गरेको प्रमुख प्रशासकीय अधिकृत कार्कीले जानकारी दिए ।

# विपद् व्यवस्थापन सुरक्षा वेश स्थापनाका लागि पहल



◆ विकास संवाददाता

मकवानपुर जिल्ला सदरमुकामबाट टाढा रहेको इन्द्रसरोवरमा हुन सक्ने विपद् जोखिम सम्बन्धी उद्धार तथा शान्ति सुरक्षाका लागि सशस्त्र प्रहरी बल, नेपालको विपद् व्यवस्थापन सुरक्षा वेश स्थापनाका लागि एमाले सचेतक महेश बर्तौलाले तदारूकता देखाएका छन् ।

बुधबार बर्तौलाले इन्द्रसरोवर गाउँपालिकाको अध्यक्ष देवकृष्ण पुडासैनी सहित उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्ति बस्नेतलाई भेटेर वेश स्थापनाका लागि जग्गा तथा भवन उपलब्ध गराउन अनुरोध गरेका हुन् । इन्द्रसरोवर गाउँपालिका अध्यक्ष पुडासैनीका अनुसार राजमार्गमा हुन सक्ने विपद्का घटनाहरूमा उद्धार कार्य गर्न तथा वर्षेनी इन्द्रसरोवर तालमा डुबेका मानीसहरूको खोज उद्धार गर्नका लागि सशस्त्र प्रहरी बल, नेपालको विपद् व्यवस्थापन सुरक्षा वेश स्थापना गर्न लागिएको हो ।

उनका अनुसार उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्ति बस्नेतलाई भेटेर इन्द्रसरोवर गाउँपालिकाको वडा नंम्बर २ स्थित विधुत प्राधिकरणको स्वामित्वमा रहेको तथा प्रयोग नआएको २ वटा भवन सुरक्षा वेश स्थापनाका लागि माग गरिएको हो । इन्द्रसरोवर गाउँपालिकाको हेबीबाट हेबी काठमाडौं, हेबी हेटौंडा,

> इन्द्रसरोवर गाउँपालिकाको वडा नंम्बर २ स्थित विधुत प्राधिकरणको स्वामित्वमा रहेको तथा प्रयोग नआएको २ वटा भवन सुरक्षा वेश स्थापनाका लागि माग गरिएको हो ।

हेबी फाखेल दक्षिणकाली काठमाडौं, हेबी चखेल काठमाडौं, हेबी चित्लाङ चन्द्रागिरी काठमाण्डौ, हेबी थाहा नगरपालिका लगायतका राजमार्गहरू रहेको छन् । यि सडक दुर्घटनाको जोखिम उच्च रहेको छ ।

# थाहा फिल्म फेस्टिवलमा स्थानीय वृत्तचित्र प्रदर्शनी हुने

◆ विकास संवाददाता

आगामी ९ मंसिरदेखि १५ मंसिर सम्म आयोजना हुने थाहा फिल्म फेस्टिवलमा थाहाका पर्यटकीय सम्भावनालाई उजागर गर्ने वृत्तचित्र प्रदर्शन गरिने भएको छ । वागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय र थाहा नगरपालिकाको आर्थिक सहयोगमा हुन लागेको फेस्टिवलमा प्रदर्शनी गर्न आयोजक थाहा कला केन्द्रले वृत्तचित्रको तयारी थालेको छ ।

फिल्म फेस्टिवलमा नेपाली कथानक चलचित्र, लघु चलचित्र र वृत्तचित्रहरू प्रदर्शन गर्ने क्रममा थाहा नगरपालिकाको पर्यटन प्रवर्धनका लागि स्थानीयपन झल्काउने वृत्तचित्र प्रदर्शन गरिने आयोजक समितिका उपसंयोजक राजिवकुमार स्याङ्तानले जानकारी दिए । उनका अनुसार अहिले वृत्तचित्र निर्माणका लागि इच्छुक कम्पनीहरूबाट प्रस्ताव संकलन गरिएको छ र कम्पनी छनोट गरेर छायाँकनको कार्य छिट्टै शुरू हुनेछ ।

फिल्म फेस्टिवलअन्तर्गत् जेसीज सभाहलमा चलचित्र तथा डकुमेन्ट्री प्रदर्शन गरिने आयोजकले जानकारी दिएको छ ।

# इन्द्रजात्रा हेर्न पालुङ शहर बासीको सबैलाई निम्तो



◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर २ पालुङ शहरमा ‸यन्हा पुन्हु अर्थात इन्द्रजात्राको तयारी थालिएको छ । यहि १२ असोजमा परेको इन्द्रजात्रा मनाउनको लागि तयारी तिब्र पारिएको स्थानीय रोमन श्रेष्ठले जानकारी दिए ।

हरेक वर्ष काठमाण्डौमा मनाइने इन्द्रजात्राको अवसरमा थाहानगरको साविक पालुङ गाउँ विकास समिति वडा नम्बर ६ पालुङ शहरका नेवारी समुदायले ‘यन्हा पुन्ह’ को रूपमा मनाउने गर्दछन् । यस अवसरमा पालुङ शहरमा इन्द्रजात्रा समेत मनाइन्छ । थाहानगरको साँस्कृतिक शहर पालुङमा मनाइने इन्द्रजात्रा परापूर्वकालबाटै मनाउँदै आएको भएपनि यसको प्रचारप्रसार हुन सकेको छैन ।

पालुङ शहरको डबलीमा मनाइने यो जात्रा जनै पूर्णिमादेखि हालसम्म मनाइदै आएको हिलेजात्रा, अन्य नेवारी नाच तथा पुजाको समाप्ती तथा साङ्गेका रूपमा इन्द्रजात्रा मनाउने चलन छ । इन्द्रजात्राको अवसरमा लाखे, ब्रम्हा, विष्णु, ख्याक, कवै, पाँचौं देवी (गणेश, कुमारी, इन्द्रायणी, बज्रवाराही, कालभैरव) को नाच प्रदर्शनसहित बली दिने परम्परा रहेको स्थानीय प्रमोद श्रेष्ठले जानकारी दिए ।

मेला अवलोकनका लागि इन्द्रजात्राका गुरू अष्टमान श्रेष्ठले सम्पूर्णलाई निम्तो गरेका छन् । इन्द्रजात्रा सास्कृतिक पर्व भएकोले यसको संरक्षण र प्रचार दुवैमा सहयोग गरिदिन श्रेष्ठले अपील गरे ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# मंगलदीप सहकारीको कारोबार २० करोड ८६ लाख

◆ विकास संवाददाता

मंगलदीप बचत तथा ऋण सहकारी संस्था लिमिटेडको नवौं वार्षिक साधारणसभा भएको छ । सहकारीको ३० भाद्रमा संस्थाको मुख्य कार्यालय प्रयागपोखरी लगनखेलमा सभा भएको हो । मकवानपुरको थाहा नगरपालिका समेत कार्यक्षेत्र रहेको मंगलदीपको सभामा संस्थाका अध्यक्ष नवराज विष्टले पेश गरेको वार्षिक प्रगती प्रतिवेदन, लेखा समितिका संयोजक सागर जंग थापा तथा कोषाध्क्ष सुरेन्द्र श्रेष्ठले पेश गरेको आर्थिक प्रतिवेदन पारित भएको छ ।

तीन हजार ५ सय ३५ शेयर सदस्य रहेको सहकारीको शेयर पूँजी २ करोड १३ लाख ५८ हजार ४ सय रूपैयाँ रहेको अध्यक्ष विष्टले सभामा जानकारी गराएका थिए । सो अवसरमा बचत संकलन १४ करोड ६५ लाख ५३ हजार १ सय ८ रूपियाँ पैसा ६९, ऋण लगानी १५ करोड ७० लाख ७६ हजार ६ सय ८१ रूपियाँ पैसा १३, रहेको अध्यक्ष विष्टले उल्लेख गरे । त्यस्तै विभिन्न कोषहरूमा ३६ लाख ८३ हजार १ रूपियाँ पैसा ४८ रहेको बताइएको थियो । सहकारीले गत आर्थिक वर्षसम्ममा २० करोड ८६ लाख ३८ हजार ३३ रूपियाँ पैसा ११ कारोबार गरेको अध्यक्ष विष्टको प्रतिवेदनमा उल्लेख छ ।

बागमती प्रदेश सहकारी संघका अध्यक्ष रामशरण शर्मा घिमिरेको प्रमुख आतिथ्यतामा भएको साधारण सभामा जिल्ला सहकारी संघ ललितपुरका अध्यक्ष केदार गोर्खालीको विशेष आतिथ्यता रहेको थियो । सभामा ध्रुवतारा बहुउद्देशीय सहकारी संस्था लिमिटेडका अध्यक्ष उमेश पाण्डे, राष्ट्रिय सहकारी बैंक लगनखेल शाखा प्रमुख रमा घिमिरे, ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघका व्ययवस्थापक सन्तोष बजगाईं, मंगलदीप बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सल्हाकार राम कृष्ण हुमागाई र कानूनी सल्लाहकार तथा अधिवक्ता राम बिष्ट तथा विभिन्न संघ संस्थाका प्रतिनिधिहरू पत्रकारहरू उपस्थित रहेको थियो ।

सभाका प्रमुख अतिथि घिमिरेले कतिपय सहकारीले सदस्यको बचत र कम फिर्ता दिन समस्या परेको अवस्थामा यस सहकारीमा तरलता रकम राम्रो भएका कारण सदस्यहरूसँगको सम्बन्ध प्रभावकारी भएको बताए ।

# हेटौंडामा बन्ने भो घण्टाघर

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिका वडा नम्बर–१० बसपार्कमा घण्टाघर निर्माण हुने भएको छ । चालु आर्थिक वर्षमा घण्टाघर निर्माण गर्न लागिएको हो ।

हेटौंडा–१० नम्बर वडा कार्यालयले चालु आर्थिक वर्षबाट घण्टाघर निर्माण गर्न लागेको वडा अध्यक्ष फुर्बा दोर्जे लामाले बताए । हेटौंडाको बसपार्कमा पारिजात संगै रहने र यसको पनि व्यावस्थापन गरेर घण्टाघर निर्माण गर्न लागिएको हो । हेटौंडामा घण्टाघर मात्र होइन सूचना केन्द्र पनि निर्माण गरिने बताउँदै अध्यक्ष लामाले भने–'घण्टाघर भित्र छिरेपछी सूचना केन्द्र निर्माण हुन्छ जहाँ हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्रको सबै



पर्यटकिय क्षेत्रको सूचना एकै स्थानबाट दिने तयारी छ । यसबाट धेरैले पर्यटकिय क्षेत्रको सूचना लिने छन् । र ती स्थानमा जानका लागि पर्यटकलाई सहज हुने बनाउने छौं ।'

बहुवर्षिय योजना अन्तरगत चालु आर्थिक वर्षमा काम सुरू गरिने र डिपिआर भने तयार भइसकेको उनले बताए ।

## बालअधिकारप्रति संवेदनशील बनौं ।

– माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
– बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारको सुनिश्चित गरौं, गराऔं ।
– बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं ।

*बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## थाहा नगरपालिकाको सार्वजनिक सूचना।

➢ नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
➢ भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
➢ घटना घटेको ३५ दिन भित्रमा नि:शुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
➢ समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
➢ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ–आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
➢ बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## कृषकहरुका लागि जनहितमा जारी सन्देश




❍ कृषि तथा पशु बिमा गरौं, व्यवसायमा हुने जोखिमबाट बचौं ।
❍ कृषिमा विषादी न्यूनीकरण गर्न आइपीएम प्रणाली अपनाऔं ।
❍ बेलाबेलामा खेतबारीको माटो परिक्षण गराई खेतिपाती गरौं ।
❍ घाँसमा आधारित पशुपालन गरौं, उत्पादन लागत घटाऔं ।
❍ जैविक र प्राङ्गारिक खेतीमा जोड दिऔं, उत्पादन बढाऔं ।
❍ घरपालुवा कुकुर र बिरालोलाई नियमित खोप लगाऔं, रेबिजबाट बचौं ।
❍ पशुलाई ६/६ महिनामा जुकाविरुद्ध औषधि खुवाऔं, पशुजन्य उत्पादन बढाऔं ।
❍ पशुलाई कुनै रोग लागेमा उपचारका लागि नजिकैको पशुसेवा केन्द्रमा सम्पर्क गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
|---|---|---|
| १ | जन्मने वितिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो, एफ.आई.पि.भी., डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी., पि.सि.भी., दादुरा-रूबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रूबेला, टाइफाइड |

खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौं ।

खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

थाहा नगरपालिका

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी